**नेपाल स्टक एक्सचेन्ज लिमिटेड**

**सिंहदरबार प्लाजा, काठमाण्डौं ।**

**मिति २०६६/८/१९ गते शुक्रवार देखि २०६६/८/२५ गते विहिवार सम्मको कारोबार**

यस साता नेपाल स्टक एक्सचेन्जमा ८७ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४९८३ कारोबारबाट ३२ करोड २५ लाख ७६ हजार रुपैयाँ बराबरका ५ लाख ६१ हजार ९ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ११८.२९ प्रतिशतले वृद्धि भएको हो । गत साता २९६९ शेयर कारोबारबाट १४ करोड ७७ लाख ७५ हजार रुपैयाँ बराबरका २ लाख ६६ हजार ६ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र ११ करोड ४५ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ३५.५१ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा २६.५० अंकले वृद्धि भई अन्तिम दिन ५४५.६६ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ४८२.३१ | ४३८.८२ | ३६९.७५ | ५८७.४६ | ७९७.९४ | २५६.०७ | ५७३.०८ | ५५६.३० | ५६८.७७ | ५१९.१६ | १२७.०९ | ४९.४२ |
| दोस्रो | ४८९.८५ | ४३८.८२ | ३६९.७५ | ५८८.६४ | ७९५.८९ | २६०.८७ | ५७२.८९ | ५५६.०६ | ५७७.९३ | ५२४.१८ | १२८.२८ | ४९.९४ |
| तेस्रो | ४९९.८८ | ४३८.८२ | ३६९.७५ | ५८६.२९ | ७९७.९४ | २६०.८७ | ५७६.५९ | ५५७.४४ | ५८७.७० | ५३०.३५ | १३०.१३ | ५०.६९ |
| चौथो | ५११.१३ | ४३८.८२ | ३६९.७५ | ५८८.६४ | ८०८.९७ | २६०.८७ | ५७६.७८ | ५५८.६९ | ५८७.७४ | ५३७.५७ | १३२.५५ | ५१.३७ |
| पाँचौं | ५२४.१३ | ४३८.८२ | ३६९.७५ | ५८९.८१ | ८१२.१८ | २६०.८७ | ५७७.२४ | ५६०.६६ | ५९१.२७ | ५४५.६६ | १३४.७२ | ५२.१९ |
| परिवर्तन | ४१.८२ | ०.०० | ०.०० | २.३५ | १४.२४ | ४.८० | ४.१६ | ४.३६ | २२.५० | २६.५० | ७.६३ | २.७७ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ७.६३ अंकले वृद्धि भई १३४.७२ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (१४ करोड ६० लाख रुपैयाँ) तथा शेयर संख्या (१ लाख ४० हजार कित्ता) को आधारमा बैंक अफ काठमाण्डू र कारोबार संख्या (६३८ वटा) को आधारमा अरुण भ्याली हाइड्रोपावर कम्पनी अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | बैंक अफ काठमाण्डू | १४५.९६ |
| २ | प्राइम कमर्सिल बैंक | १५.९० |
| ३ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | १४.५८ |
| ४ | सनराइज बैंक | १४.१५ |
| ५ | एल्पिक एभरेष्ट फाइनान्स | १३.६३ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल | वोनस | ४६,६५,१७२ कित्ता |
| २ | फेवा फाइनान्स | हकप्रंद | १८,२०,००० कित्ता |
| ३ | गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स | वोनस | १,११,२१० कित्ता |